बैठक मितिः २०८१/११/११

बैठक सङ्ख्याः ३३

छलफल तथा निर्णयः

१. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा (३) बमोजिम आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि समपूरक तथा विशेष अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन गरिने आयोजना/कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्ने समय सीमा मिति २०८१/११/१५ सम्म निर्धारण गरिएकोमा उल्लिखित कार्यविधि अनुसार विद्युतीय प्रणालीमा समेत परिवर्तन भएको र प्रदेश सरकार तथा स्थानीय तहहरूबाट अवधि थप गर्न अनुरोध समेत भई आएकोले उक्त विद्युतीय प्रणाली (https://csgrants.gov.np) मा आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्ने समय सीमा यहि २०८१ फाल्गुण मसान्त अर्थात मिति २०८१/११/२९ सम्म थप गर्ने।

२. नेपाल सरकारद्वारा सन् २०२१ मा जापानको टोकियोमा सम्पन्न "बृद्धिका लागि पोषण सम्मेलनमा (Nutrition for Growth Summit- N4G)" प्रतिवद्धता गरिएका विषयहरूको सन् २०२४ अन्त्य सम्मको प्रगति प्रतिवेदन स्वीकृत गरी उक्त प्रतिवेदनलाई N4G को पोर्टलमा प्रविष्टि गर्न अनुमति प्रदान गर्ने। साथै सन् २०२५ मा फ्रान्सको पेरिसमा आयोजना हुने "बृद्धिका लागि पोषण सम्मेलनमा (Nutrition for Growth Summit)" पेश गर्नु पर्ने प्रतिवद्धता सम्बन्धी दस्तावेज स्वीकृत गर्ने।